बान्नीगढी जयगढ गाउँपालिका
(Bannigadhi Jayagadh Rural Muncipality)
☎ ९८५७६४५६४६, ९८५७६४५६४८

# गाउँ कार्यपालिकाको कार्यालय
## (Office Of The Rural Municipal Executive)

जयगढ, अछाम
(Jayagadh, Achham)
सुदूरपश्चिम प्रदेश, नेपाल
(Sudurpashchim Province, Nepal)

पत्र संख्या : २०८२।०८३
चलानी नं. :

मितिः २०८३।०१।२३
ने.सं. ११४६ बछलागा बुधवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

अछाम जिल्ला बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत श्री ऐश्वर्य माध्यमिक विद्यालय दर्नामा रिक्त हुने प्राथमिक तह शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइ दिन भनी विद्यालयको च .नं. ७४ मिति २०८३।०१।२२ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना aishwaryamavi100@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन। साथै थप जानकारीका लागि विद्यालयका प्रधानाध्यापक श्री हिक्मत बहादुर थापालाई ९७६६५८५१११ मा सम्पर्क गर्न सक्नु हुनेछ।

..........................
सुरेश प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ मंगलसेन, अछामः सूचना Website मार्फत प्रकाशन गरिदिन हुन।
श्री ऐश्वर्य माध्यमिक विद्यालय दर्ना, अछामः शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को आगामी प्रक्रिया नियमानुसार गर्नुहुन।
श्री सञ्चार तथा सूचना प्रविधि शाखाः गाउँपालिकाको Website र Facebook Page मा Upload गरिदिनु हुन।